# स्थानीय राजपत्र


## पालुङटार नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ६ संख्या ७ मिति २०७९/१०/०५**


पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग २

## बहुउद्देश्यीय कृषि प्रवर्द्धन कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति: २०७९/१०/०३

**प्रस्तावना:** नगरपालिका क्षेत्रभित्र पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गरी नगरपालिकामा दुध तथा मासुमा आत्मनिर्भर बनाई वर्षेनी ठूलो परिमाणका कृषि, पशु तथा पशुजन्य पदार्थमा हुने आयातमा न्यूनीकरण गर्ने तथा कृषि उद्यमीहरुलाई यस क्षेत्रको व्यवसायीकरणबाट आय आर्जन, गरिवी नियन्त्रण गर्न, पोषणमा सुधार ल्याउन, पशु उत्पादन तथा बजार प्रवर्द्धन कार्यक्रम, पशु रोग नियन्त्रण, दानाजन्य पदार्थको उत्पादन वृद्धि तथा हरियो घाँस मार्फत आहारको कमीलाई पुरा गर्न घाँसको विऊ/वेर्ना वितरण कार्यक्रमलाई सुव्यवस्थित, सहज र वैज्ञानिक रुपमा सञ्चालन गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ र प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "बहुउद्देश्यीय कृषि प्रवर्द्धन कार्यक्रम (सञ्चालन) कार्यविधि २०७९" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि पालुङटार नगरपालिका भित्र लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "अनुदान" भन्नाले कृषकलाई कृषि व्यवसाय गरे वापत नगरपालिकाबाट प्रदान गरिने नगद वा जिन्सी सामान सम्झनु पर्दछ ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि सहकारी, कृषिसँग सम्बन्धित समिति र कृषि व्यवसायीहरुलाई सम्झनु पर्दछ ।

(ग) "कार्यक्रम" भन्नाले पालुङटार नगरपालिकाबाट सञ्चालन हुने बहुउद्देश्यीय कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुलाई सम्झनु पर्दछ ।

(घ) "नगर उप प्रमुख" भन्नाले नगर कार्यपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

(ङ) "नगर प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "निजी पूर्वाधार" भन्नाले कृषक वा फर्म बाट निर्माण हुने कृषि तथा पशुपन्छी सम्बन्धी बजार पूर्वाधार, दुध संकलन केन्द्र, चिस्यान केन्द्र, मासु पसल, मिट मार्ट, डेरी पसल, सिंचाई लगायत अन्य कृषि तथा पशुपन्छी सम्बन्धी पूर्वाधारलाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "लक्षित वर्ग" भन्नाले कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि सहकारी र कृषिसँग सम्वन्धित समितिका सदस्यलाई सम्झनु पर्दछ ।

(झ) "समुह वा समिति" भन्नाले नगरपालिकामा वा कानून बमोजिम दर्ता/सूचीकृत भएका पशुपालक कृषक समूह/समिति सम्झनु पर्दछ ।

(ञ) "सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, पशुपालन वा दुग्ध उत्पादन/व्यवसाय सम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापित सहकारी संस्था सम्झनु पर्दछ ।

(ट) "सम्बन्धित कार्यालय" भन्नाले पालुङटार नगरपालिकाको कृषि विकास तथा पशु सेवा शाखा सम्झनु पर्दछ ।

(ठ) "सामुदायिक पूर्वाधार" भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राही समुदायबाट निर्माण हुने कृषि तथा पशुपन्छी सम्बन्धी बजार पूर्वाधार, दुध संकलन केन्द्र, चिस्यान केन्द्र, सिंचाई, बधस्थल, बधशाला लगायत अन्य सामुदायिक प्रयोजनका कृषि तथा पशुपन्छी सम्वन्धी पूर्वाधारहरुलाई सम्झनु पर्दछ ।

(ड) "सार्वजनिक पूर्वाधार" भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने कृषि तथा पशुपन्छी सम्बन्धी बजार पूर्वाधार, दुध संकलन केन्द्र, चिस्यान केन्द्र, सिंचाई, बधस्थल, बधशाला लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि तथा पशुपन्छी सम्वन्धी पूर्वाधारहरुलाई सम्झनु पर्दछ ।

(ढ) "स्थानीय तह" भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## कार्यक्रमको उद्देश्य, नीति तथा रणनीति

**३. उद्देश्य : यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :-**

(क) नगरपालिका भित्र कृषि तथा पशुपन्छी व्यवसाय मार्फत स्वरोजगारका अवसरहरु सिर्जना गरी रोजगारका लागि बिदेशीने क्रमलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउने,

(ख) भैसीपालन तथा बाखापालन व्यवसाय मार्फत दुध र मासुजन्य पदार्थमा नगरपालिकालाई आत्मनिर्भर बनाउन व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने श्रोत, साधन, प्रविधिलाई समावेशी, समानुपातिक, सन्तुलित र प्रतिस्पर्धी रुपमा वितरण गर्ने,

(ग) पशुपन्छी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न दाना जन्य पदार्थको उत्पादन वृद्धिका लागि मकै उत्पादन कार्यक्रम तथा हरियो घाँस (डाले तथा भुँइ घाँस)

मार्फत आहाराको कमीलाई पुरा गर्न घाँसको बीऊ/वेर्ना तथा घाँसको श्रोत केन्द्र स्थापना गर्ने,

(घ) प्राकृतिक विपत्तिमा परेका कृषकको व्यवसायलाई राहत प्रदान गर्ने,

(ङ) उद्यमीहरुलाई आवश्यक पर्ने प्राविधिक सेवा उपलब्ध गराउने ।

४. **कार्यक्रम सञ्चालन नीति तथा रणनीतिः** (१) भैसीपालन, पाडापाडी पालन तथा बाख्रापालन व्यवसाय मार्फत दुध तथा मासु उत्पादन प्रवर्द्धन कार्यक्रमलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्न नगरपालिका मार्फत देहाय बमोजिमका नीति तथा रणनीतिहरु अपनाईनेछ :-

(क) प्रत्येक वडामा सम्भव भएसम्म भैसीपालन, पाडा तथा बाख्रापालन व्यवसाय सञ्चालन हुने कृषक समूह, कृषक सहकारी तथा कृषि फर्म छनौट गरी अभियानको रुपमा दुध तथा मासु उत्पादन कार्यक्रम सञ्चालन गर्ने ।

(ख) वडा स्तरमा सम्भाव्यताको आधारमा सञ्चालन हुने कृषक समूह, कृषक सहकारी तथा कृषि फर्मलाई कम्तीमा १० माउ भैसी (दुधको लागि) तथा २० माउ बाख्रा र समूहको हकमा ५० वटा माउ बाख्रा पाल्न अनुदानको व्यवस्था गर्ने ।

(ग) मासुजन्य उत्पादनको लागि व्यवसायिक पाडापालन गर्न कम्तीमा १० पाडापाडी पाल्न समेत अुदानको व्यवस्था गर्ने ।

(घ) कार्यक्रम सञ्चालन गर्दा भेटेरनेरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र तथा अन्य सम्बन्धित निकायहरुसँग समन्वय गरी कार्यक्रममा आवद्ध गरेर लैजाने ।

(ङ) यस कार्यक्रमको सञ्चालन नगरपालिकाको पकेट क्षेत्र भित्र रही दर्ता भएका र हाल क्रियाशील रहेका कृषक समूह/सहकारी तथा पशु फर्म मार्फत सञ्चालन गर्ने ।

(च) कार्यक्रम सञ्चालन गर्न चाहने कृषक समूह/सहकारी तथा फर्म आवद्ध कृषकहरुको नाम, थर, ठेगाना, पाल्ने पशुको परिमाण र उत्पादित दुध तथा मासुको विक्री योजना सहितको विवरण अग्रिम रुपमा संकलन गर्ने ।

(छ) संकलन गरिएको मागका आधारमा नगरपालिकाको लागि आवश्यक पशु चौपाय आपूर्तिका लागि सम्बन्धित आधिकारीक बिक्रेताहरुसँग प्रचलित प्राविधिक पक्ष तथा आर्थिक ऐन नियमको अधिनमा रही प्रस्ताव माग गर्ने ।

(२) मकै उत्पादन प्रवर्द्धन कार्यक्रमलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्न नगरपालिका मार्फत देहाय बमोजिमका नीति तथा रणनीतिहरु अपनाईनेछ ।

(क) प्रत्येक वडामा भैसीपालन तथा बाख्रापालन व्यवसाय सञ्चालन हुने ठाँउमा स्थान छनोट गरी सिंचाई सुविधा भएको क्षेत्रलाई प्राथमिकतामा राखी अभियानको रुपमा मकै उत्पादन कार्यक्रम सञ्चालन गर्ने ।

(ख) छनौट भएका स्थानमा बढीमा ५ वर्ष सम्म कार्यक्रम कार्यान्वयन गर्ने र छानिएको ठाउँमा कृषक समूह/कृषि सहकारी तथा कृषि फर्म मार्फत सञ्चालन गर्ने ।

(ग) पहिलो वर्षका लागि अनिवार्य रुपमा हिउँद र वसन्त सिजनमा सिंचाई उपलब्ध हुने क्षेत्र छनौट गर्ने तथा आगामी वर्षहरुमा कार्यक्रम मार्फत साना सिंचाई कार्यक्रमहरु राखी थप कार्यक्रम सञ्चालन गर्ने ।

(घ) सम्भव भएसम्म मकै र भटमासको अन्तरवालीलाई प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गर्ने ।

(ङ) भैसीपालन तथा बाख्रापालन गर्ने कृषकहरु र मकै उत्पादन गर्ने कृषकहरु बीचमा आवश्यकता अनुसार करार उत्पादन सम्झौता गर्ने ।

(च) कार्यक्रम सञ्चालन गर्दा कृषि ज्ञान केन्द्र तथा अन्य सम्बन्धित निकायहरुसँग समन्वय गरी साना सिंचाई लगायतका कार्यक्रममा आवद्ध गरेर लैजाने ।

(छ) यस कार्यक्रमको सञ्चालन नगरपालिकाको पकेट क्षेत्र भित्र रही दर्ता भएका र हाल क्रियाशील रहेका कृषक समूह/सहकारी तथा कृषि फर्म मार्फत सञ्चालन गर्ने ।

(ज) कार्यक्रम सञ्चालन गर्न चाहने कृषक समूह/सहकारी तथा कृषि फर्ममा आवद्ध कृषकहरुको नाम, थर, ठेगाना, मकै खेती गर्ने क्षेत्रफल समेत उल्लेख गरी बीउको आवश्यक माग परिमाण र उत्पादित मकैको विक्री वितरण सम्बन्धी योजना सहितको विवरण (नेपाल सरकारबाट सूचीकृत जातहरु मात्र) अग्रिम रुपमा संकलन गर्ने ।

(झ) संकलन गरिएको मागका आधारमा नगरपालिकाको लागि आवश्यक पर्ने बीऊ आपूर्ती गर्न सम्बन्धित बीऊ उत्पादक कम्पनी तथा तिनका आधिकारीक बिक्रेताहरुसँग प्रचलित आर्थिक ऐन नियमको अधिनमा रही माग गर्ने ।

## परिच्छेद ३

## कार्यक्रम छनौट, अनुगमन तथा मुल्याङ्कन समिति

**५. कार्यक्रम छनौट, मुल्याङ्कन तथा अनुगमन समिति :** (१) यस नगरपालिकाबाट सञ्चालन गरिने कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सफल बनाउनको लागि शुरुमा प्रस्तावहरु छनौट गर्नका लागि देहाय बमोजिम एक छनौट तथा मूल्याङ्कन समिति रहनेछ :-

(क) आर्थिक विकास समितिको संयोजक - अध्यक्ष

(ख) नगर प्रमुखले ताकेको आर्थिक विकास समितिको १ जना सदस्य - सदस्य

(ग) योजना शाखाको प्रमुख - सदस्य

(घ) कृषि तथा पशु सेवा शाखाको कर्मचारी - सदस्य

(ङ) कृषि विकास शाखाको प्रमुख - सदस्य

(च) पशु सेवा शाखाको प्रमुख - सदस्य(सचिव)

२) मूल्याङ्कन समितिले निर्णय गर्दा लिइने आधारहरु :

(क) वडाको सिफारिस,

(ख) पशु सेवा/कृषि विकास शाखाका कर्मचारीहरुले गरेको स्थलगत निरिक्षण प्रतिवेदन,

(ग) लाभान्वित व्यक्ति वा फर्मको प्रस्ताव सहितको निवेदन,

(घ) दफा ११ बमोजिम तोकिएका आधारहरु ।

३) कार्यक्रम सञ्चालन गर्न तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सफल बनाउनका लागि मूल्याङ्कन समितिले छनौट गरेको प्रस्तावहरु अनुमोदन तथा अनुगमन गर्नको लागि देहाय बमोजिमको समिति रहनेछ ।

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) कृषि विकास शाखा प्रमुख - सदस्य

(ङ) पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

(४) उपदफा १ को खण्ड (च) र उपदफा ३ को खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रमको हकमा समितिको सदस्य सचिव कृषि विकास शाखाका प्रमुख रहनेछन् ।

(५) उपदफा (१) र (३) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यस कार्यक्रम बमोजिम लाभग्राहीहरु छनौट तथा मूल्याङ्कन गर्नु पर्ने कार्यमा आवश्यक समन्वय र सहजीकरण गर्ने ।

(ख) कार्यक्रम छनौट प्रक्रियालाई पारदर्शी, निष्पक्ष, प्रभावकारी, जवाफदेही, उत्तरदायी एवं गुणस्तरयुक्त बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने ।

(ग) नगरपालिका क्षेत्रभित्र छनौट भई सञ्चालनमा आएका कार्यक्रमहरुको अनुगमन गर्ने ।

(घ) कार्यक्रमहरु सञ्चालन गर्दा आइपर्ने समस्याहरु समाधान गर्न आवश्यक निर्णय गर्ने ।

(ङ) नगरपालिका अन्तर्गत रहेका कृषक, कृषक समुह, फर्म, कृषि सहकारी तथा अन्य निकायसँग समन्वय गरी समग्र पशु क्षेत्रको विकास गर्ने ।

(च) यस कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आवश्यकता अनुसार माथिल्लो निकायमा आवश्यक पहल गर्ने ।

(छ) सञ्चालित कार्यक्रमहरुको अनुगमन गरी सो को प्रतिवेदन नगरपालिकामा पेश गर्ने ।

## परिच्छेद ४
## कार्यक्रम र अनुदान

६. **दुग्ध उत्पादन कार्यक्रम :** (१) नगरपालिकामा गुणस्तरीय दुध उत्पादक कृषि व्यवसायलाई दिगो रुपमा अगाडी बढाउन र दुधको उत्पादनमा वृद्धि गरी आत्मानिर्भरता बढाउन उत्पादनको परिमाणमा आधारित रही प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराउन देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ :-

(क) गुणस्तरीय दुधालु पशु (भैसी) खरिद तथा ढुवानी,

(ख) गोठ निर्माण/सुधार, भुँई सुधार तथा मलमूत्र व्यवस्थापन,

(ग) खाने पानीको प्रवन्ध, ट्याङ्की निर्माण/खरिद, पाइप फिटिङ्ग आदी,

(घ) प्रजनन योग्य राँगो वा कृत्रिम गर्भाधान सामग्री व्यवस्थापन,

(ङ) घाँसको बीऊ/वेर्ना खरिद तथा वितरण,

(च) थुनेलो नियन्त्रण, औषधी उपचार, परजिवि तथा खोप कार्य सञ्चालन,

(छ) पशु पहिचान, अभिलेखीकरण र जैविक सुरक्षा सम्बन्धी कार्यहरु,

(ज) मिल्किङ् मेशिन, मिल्क एनालाइजर तथा पशुपालन सम्बन्धी यन्त्र उपकरण खरीद, जडान र उपयोगसँग सम्बन्धित कार्यहरु,

(झ) स्टेनलेस स्टिलका दूध दुहुने भाडा, मिल्क क्यान, कण्टेनर आदि वितरण,

(ञ) दुध संकलन केन्द्र निर्माण, भण्डारण, ढुवानी, प्रशोधन र उत्पादन विविधीकरण सम्बन्धी मेशिनरी, काउ म्याट, ग्रुमिङ ब्रस लगायतका उपकरण,

(ट) दूध उत्पादनमा संलग्न सहकारी संस्थाहरुमा बीमा सम्बन्धी चेतनामूलक तालिम, अन्तरक्रिया,

(ठ) पशु विमाका कार्यहरु,

(ड) सम्बन्धित शाखाले उपयुक्त ठानेका अन्य क्रियाकलापहरु ।

(२) अनुदानको लागि कृषक समूह, कृषक सहकारी तथा कृषि फर्मले कम्तीमा १० माउ भैसी (दुधको लागि) पालेको हुनु पर्नेछ ।

(३) दुध संकलन केन्द्र निर्माणको लागि दैनिक रुपमा सामान्यतः २०० लिटर दुधको कारोबार गरेको हुनु पर्नेछ ।

(४) व्यवसायिक रुपमा दर्ता गरी भैसीपालन गरेका कृषक/समूह/सहकारी तथा कृषि फर्मलाई व्यवसायको आकार हेरि घाँसको वीउवेर्नाको परिमाण निर्धारण गरिनेछ ।

**७. बाख्रापालन कार्यक्रमः** (१) मासु उपभोगमा वर्षेनी लाखौ रकमको खसी बोका आयात भैरहेको अवस्थामा र कृषकहरुको बाख्रापालन व्यवसाय प्रति बढ्दो आकर्षणका कारण बाख्रापालनको माध्यमबाट मासु उत्पादन प्रवर्द्धन गरी मासुमा आत्मनिर्भर तुल्याउने कार्यमा टेवा पुऱ्याउने र आर्थिक रुपमा पिछाडिएका वर्ग, महिला तथा विपन्न वर्गको आयआर्जन, रोजगारी सिर्जना, गरिवी न्यूनीकरण र पोषण सुधारका लागि देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ :-

(क) ब्लड लेभलको बोयर तथा अन्य उन्नत जातको बोका वितरण,

(ख) बाख्राको खोर निर्माण तथा सुधार,

(ग) पशु तौलने मेशिन, डिपिङ टयाङ्क व्यवस्थापन,

(घ) पानी तथा दाना व्यवस्थापन  सामाग्री,

(ङ) घाँसको बीऊ/वेर्ना र सेट्स वितरण,

(च) औषधी उपचार, परजिवि नियन्त्रण तथा खोप कार्य सञ्चालन,

(च) बाख्रापालन तालिम,

(छ) विमा सम्बन्धी चेतनामुलक तालिम र पशु विमाको लागि समन्वय गरिने,

(ज) सम्बन्धित शाखाले उपयुक्त ठानेका अन्य क्रियाकलापहरु ।

(२) अनुदानको लागि कृषि फर्मको हकमा सामान्यतः २० माउ बाख्रा र समूहको हकमा ५० वटा माउ बाख्रा पालेको हुनु पर्नेछ ।

(३) कार्यक्रम सञ्चालन गर्दा व्यवसायिक बाख्रा पालक कृषकलाई प्राथमिकता दिइनेछ ।

८. **मासु उत्पादन कार्यक्रम :** (१) नगरपालिकामा बाख्रा, पाडापाडी, बङ्गुर तथा कुखुरापालनको माध्यमबाट मासु उत्पादनमा वृद्धि गरी आय आर्जनमा वृद्धि, गरिवी निवारण, पोषणमा सुधार ल्याउन र आत्मानिर्भरता बढाउनको लागी मासु उत्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ :-

(क) उन्नत पाडा, बङ्गुर, वोका/बाख्रा खरिद तथा ढुवानी,

(ख) गोठ निर्माण/सुधार,

(ग) कुडो पकाउने तथा पानी खुवाउने सामाग्रीको व्यवस्थापन,

(घ) खाने पानी प्रवन्ध, पाइप फिटिङ्ग आदि,

(ङ) घाँसको बीऊ/वेर्ना र सेट्स वितरण,

(च) पाडा पालन तालिम,

(छ) मासु जन्य पदार्थको बजारिकरणमा सहयोग,

(ज) औषधी उपचार, परजिवि नियन्त्रण तथा खोप कार्य सञ्चालन ।

९. **मकै उत्पादन प्रवर्द्धन कार्यक्रमः** दानाजन्य पदार्थको उत्पादनमा वृद्धिका लागि मकै उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रमको लागि देहाय बमोजिमका क्रियाकलापहरु गर्न सकिनेछ ।

(क) प्रोत्साहन स्वरुप आयातित हाईब्रिड मकै बीऊको मूल्यमा र स्वदेशमा विकास गरिएका हाईब्रिड तथा उन्न्त मकै बीऊको मूल्यमा अनुदान र बीऊ ढुवानी,

(ख) मकै रोप्ने, छोडाउने मेशिन (थ्रेसर) लगायत औजार उपकरणका,

(ग) प्राविधिक तालिम, अन्य तालिम, सर्वेक्षण, अध्ययन कार्यक्रम सञ्चालन,

(घ) साना सिंचाई कार्यक्रम,

(ङ) सम्बन्धित शाखाले उपयुक्त ठानेका अन्य क्रियाकलापहरु ।

**१०. अनुदानका कार्यक्रमहरु :** (१) पालुङटार नगरपालिकालाई दुध र मासुमा आत्मनिर्भर बनाउनको लागि कृषि तथा पशु विकास शाखाले कृषक/समूह/सहकारी/फर्महरुलाई देहाय बमोजिमको अनुदान कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ :-

**(क) कृषकहरुलाई प्राविधिक तालिम तथा अन्य तालिम, सर्वेक्षण, अध्ययन कार्यक्रमः** कृषि तथा पशु सेवा शाखाले आवश्यकता र माग भई आए बमोजिम कृषक/समूह/सहकारी/फर्महरुलाई प्राविधिक तालिम तथा अन्य कृषि तथा पशु तालिम, सर्वेक्षण र अध्ययन कार्यक्रम सञ्चालन गर्नेछ । कार्यक्रम सञ्चालन गर्दा पहिलो प्राथमिकता व्यवसायिक कृषक/समूह/सहकारी/फर्महरुलाई दिइनेछ ।

**(ख) दुधालु भैसी, पाडापाडी तथा वोका/बाखा ढुवानी कार्यक्रमः** दुध उत्पादन तथा मासु उत्पादनमा टेवा पुऱ्याउने उद्देश्यले नगरपालिका बाहिरबाट वा अन्य जिल्लाबाट नगरपालिका क्षेत्रभित्र ढुवानी हुने भैसी, पाडापाडी तथा बोका/बाखाको ढुवानीमा कम्तीमा भैसी/पाडाको हकमा रु ४०००।- र प्रति बोकाको हकमा रु १०००।- अनुदान सहयोग उपलब्ध गराईनेछ ।

**(ग) यान्त्रीकीकरण जस्तैः मकै रोप्ने, छोडाउने मेशिन (थ्रेसर) लगायत औजार उपकरणको मूल्यमा अनुदान कार्यक्रमः** मकै उत्पादन प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि मकै उत्पादक कृषकलाई सरल र सहज होस् भन्ने उद्देशयले यो कार्यक्रम सञ्चालन गरिएको छ । यस कार्यक्रम अन्तर्गत कृषकलाई प्रति मेशिनका लागि खरिद मूल्यको ७५% ले हुने रकम सहयोग उपलब्ध गराइनेछ । यो कार्यक्रम कृषि विकास शाखाबाट सञ्चालन गरिनेछ ।

(घ) **हाइब्रिड तथा उन्नत मकै बीउको मूल्यमा अनुदान कार्यक्रम :** मकै उत्पादनमा वृद्धि गरी पशुपालक कृषकलाई दानाजन्य पदार्थ र आहारमा हुने कमीलाई न्यूनीकरण गर्नका लागि प्रोत्साहन स्वरुप नेपालमा उत्पादन गरिएका हाइब्रिड तथा उन्नत जातको मकै बिउको मूल्यमा ७५ प्रतिशत, आयातित हाईब्रिड मकै बिउको मूल्यमा ५० प्रतिशत र बिउ ढुवानीमा शत प्रतिशत अनुदान सहयोग उपलब्ध गराईनेछ । यो कार्यक्रम कृषि विकास शाखाबाट सञ्चालन गरिनेछ ।

(ङ) **साना सिंचाइ कार्यक्रमः** क्लस्टर क्षेत्रमा आधुनिक सिंचाई प्रणलीहरु, कुलो, थोपा (ड्रिप) सिंचाई, सौर्य उर्जामा आधारित ट्युव वेल साथै अन्य सिंचाईका कार्यक्रमहरुमा ७५ प्रतिशत अनुदान सहयोग गरिनेछ । यो कार्यक्रम कृषि शाखाबाट सञ्चालन गरिनेछ ।

(च) **२०० लि क्षमताको दुध संकलन केन्द्र स्थापना अनुदान कार्यक्रमः** भैसीपालक कृषक/फर्म/समूह/सहकारीबाट उत्पादित दुधको उचित बजारीकरण र व्यवस्थापन होस् भन्ने उद्देश्यले २०० लिटर क्षमताको दुध संकलन केन्द्र स्थापनाको लागि ७५ प्रतिशत अनुदान सहयोग गरिनेछ । दुग्ध संकलन केन्द्र कृषकलाई पायक पर्ने ठाँउमा स्थापना गर्नु पर्नेछ । यस कार्यक्रम सञ्चालनको लागि पहिलो प्राथमिकता दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई दिइनेछ । दुध संकलन केन्द्रको क्षमता, माग र आवश्यकताको आधारमा संकलन केन्द्रको क्षमता अभिवृद्धि गर्न सकिनेछ ।

(छ) **दुध बोक्ने स्टिल क्यान लगायतका सामाग्रीमा अनुदान कार्यक्रमः** दुधको गुणस्तर कायम रही रहोस् भन्ने उद्देश्यले भैसीपालक कृषि समूह/सहकारी/फर्म तथा कृषकलाई खरिद मूल्यको ७५ प्रतिशत अनुदान सहयोगमा ३-५ लिटर स्टिल क्यान, दुध दुहुने बाल्टि वितरण गरिनेछ ।

(ज) **दुध भण्डारण तथा बजारिकरण कार्यक्रमः** व्यवसायिक भैसीपालक कृषक/सहकारी/समूह/फर्महरुको दुधको परिमाणको आधारमा चिलिङ भ्याट, डि फ्रिज, मिल्क एनालाइजर, ओसार पोसार भ्यानको व्यवस्था गरिनेछ ।

(झ) **मासु जन्य पदार्थको बजारीकरणको लागि फ्रेस हाउस सञ्चालन सहयोग कार्यक्रमः** नगरपालिका भित्र उत्पादन भएका मासुजन्य पदार्थको उचित बजार व्यवस्थापनका लागि फ्रेस हाउस सञ्चालनका लागि ५० प्रतिशत अनुदान सहयोग गरिनेछ ।

(ञ) **घाँसको बीऊ/वेर्ना/सेट्स वितरण कार्यक्रमः** घाँसको बीऊ/वेर्ना/सेट्स वितरण गर्दा भैसी/बाखा पालन गरेका कृषकहरुलाई व्यवसायको आकार हेरी घाँसको परिमाण निर्धारण गरिनेछ । घाँसको बीऊ वितरण गर्दा पहिलो प्राथमिकता व्यवसायिक रुपमा दर्ता गरी भैसी/बाखा पालन गरेका कृषकहरुलाई दिइनेछ र वितरण गरेर बाँकी रहेको घाँसको बीऊ/वेर्ना/सेट्स समूह/सहकारी वा अन्य निर्बाहमुखी कृषकलाई वितरण गर्न सकिनेछ ।

(ट) **गोठ सुधार तथा बाखाको खोर निर्माण/सुधार कार्यक्रमः** यस कार्यक्रमबाट व्यवसायिक भैसी एवं बाखा फर्म सञ्चालन गरिरहेका व्यवसायीहरुलाई व्यवसाय प्रवर्द्धनका लागि विनियोजित रकम र निर्धारित संख्याको परिधि भित्र रही अधिकतम ७५ प्रतिशत सम्म अनुदान सहयोग गरिने छ । यो अनुदान रकमबाट गोठ सुधार तथा खोर सुधार/निर्माण गर्नुपर्नेछ । व्यवसायिक फर्मलाई प्राथमिकता दिइनेछ ।

(ठ) **दुधालु भैसी, पाडापाडी तथा बोका/बाखाको मूल्यमा अनुदान कार्यक्रमः** नगरपालिकालाई दुध तथा मासुमा आत्मनिर्भर बनाउनका लागि कृषक/समूह/सहकारी/फर्मलाई दुधालु भैसी, पाडापाडी तथा बोका/बाखा खरिदको मूल्यमा ५० प्रतिशत अनुदान सहयोग गरिनेछ । यो कार्यक्रममा सहभागी हुन चाहने प्रस्तावकहरुले फर्मको हकमा २० र समूहको हकमा ५० बाखा र भैसीको हकमा १० माउ भैसी पालेको हुनुपर्नेछ ।

**(ड) ब्लड लेभलको बोयर तथा अन्य उन्नत जातको बोका वितरण कार्यक्रमः** व्यवसायिक बाखापालन गरिरहेका विद्यमान व्यवसायिहरुलाई व्यवसाय प्रवर्द्धनमा, यस कार्यक्रम अन्तर्गत कृषक/फर्म/समूह/सहकारीलाई ब्लड लेभलको बोयर तथा अन्य उन्नत जातको बोका वितरणमा ५० प्रतिशत अनुदान सहयोग गर्न सकिनेछ ।

(२) उपदफा १ मा उल्लेख गरिएका अनुदानका कार्यक्रममा कार्यक्रमको आवश्यकता, प्रभावकारिता र कार्यान्वयनलाई मध्यनजर राखी थपघट गर्न सकिनेछ ।

(३) प्रतिस्पर्धात्मक मूल्याङ्कन विधिद्धारा मेरिटको आधारमा लाभग्राही छनौट गरिने छ ।

## परिच्छेद ५
## कार्यक्रम छनौटका आधार र कार्यान्वयन प्रक्रिया

**११. कार्यक्रम छनौटका आधारः** देहाय बमोजिमका आधारहरुलाई प्राथमिकतामा राखी अनुदानग्राहीहरुको छनौट गरिनेछ :-

(१) सम्बन्धित उद्यमी (कृषक समुह/सहकारी/फर्म) ले पेश गरेको कार्य योजना (अनुसूची ३ अनुसारको फर्मेटमा) नीजको काम गर्न सक्ने क्षमता र विषय प्रतिको ज्ञान शिप ।

(२) सूचना प्रकाशन गर्नुभन्दा अगावै व्यवसायिक समूह/सहकारी/फर्म दर्ता गरेको र पशुपालन गर्दै आएका कृषकहरुलाई प्राथमिकता दिइनेछ ।

(३) बाखापालनको लागि फर्मको हकमा सामान्यत २० माउ बाखा र समूहको हकमा ५० माउ बाखा पालेको हुनु पर्नेछ ।

(४) अरु कुनै व्यवसाय नगरेको/नभएको (वेरोजगार/अर्ध वेरोजगार) र आफै पुरा लगानी गर्ने क्षमता नभएको ।

(५) प्रस्तावित योजनाको कम्तीमा ३० प्रतिशत लगानी आफै गर्न ईच्छुक ।

***स्पष्टिकरणः अनुदानको प्रतिशत हेरी लागू हुनेछ ।***

(६) पेश गरेको कार्य योजना आर्थिक तथा प्राविधिक रुपले सम्भाव्य र वातावरण प्रतिकुल प्रभाव नपार्ने खालको हुनु पर्नेछ ।

(७) पशुपालन, पशु जन्य पदार्थ प्रशोधन तथा विक्रि वितरण सँग सम्बन्धित व्यवसाय हुनु पर्नेछ ।

(८) महिला, जनजाति, दलित, सिमान्तकृत र विदेशबाट फर्केकाहरुलाई प्राथमिकता दिईनेछ ।

(९) अनुसूची-४ अनुसार मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने कृषक/समुह/सहकारी/फर्महरुलाई मेरीटको आधारमा छनौट गर्नु पर्नेछ ।

(१०) अनुदान प्रवाह गर्दा विगतमा अनुदान प्राप्त नगरेकाहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

(११) कालो सूचीमा परेको कृषक/फर्म/समुह/सहकारीलाई अनुदान उपलब्ध गराइने छैन ।

**१२. अनुदान कार्यक्रम कार्यान्वयन प्रक्रियाः** अनुदान कार्यक्रमको कार्यान्वयन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(१) अनुदान (नगद/वस्तुगत) का विषय उल्लेख गरी शाखाले नगरपालिकाको वेवसाइट, स्थानीय सञ्चार माध्यमको मार्फत अनुसूची १ बमोजिम प्रस्ताव आव्हानको लागि सूचना प्रकाशन गर्ने छ र उक्त सूचना शाखामा टाँस गरिनेछ ।

(२) प्रकाशित सूचना अनुसार कृषक/व्यवसायी/कृषक समुह/कृषि सहकारी/कृषि फर्मले तोकिए बमोजिमका कागजातहरु एवं आफ्नो व्यवसायको विस्तृत विवरण सहितको अनुसूची २ बमोजिम आवेदन र अनुसूची ३ बमोजिम कार्ययोजना शाखामा पेश गर्नु पर्नेछ ।

(३) अनुदान प्रस्तावको आवेदन दस्तुर रु १००।- लाग्नेछ ।

(४) शाखाले प्राप्त प्रस्तावहरुको कार्यस्थलमै गएर फिल्ड भेरिफिकेशन गर्न सक्नेछ ।

(५) संलग्न प्रस्तावना/निवेदन, आवश्यक कागजात र फिल्ड भेरिफिकेशनबाट प्राप्त विवरणको आधारमा मूल्याङ्कन समितिबाट अनुसूची ४ बमोजिम मूल्याङ्कन प्रतिवेदन तयार गरिने छ । मूल्याङ्कन प्रतिवेदनको आधारमा समितिले अनुदानग्राही छनौटको निर्णय गर्नेछ ।

(६) छनौट भएका अनुदानग्राहीको नतिजा नगरपालिकाको वेवसाइटमा राखिने छ र शाखा मार्फत अनुदानग्राहीलाई जानकारी गरिनेछ ।

(७) अनुदानका लागि छनौट भएका कृषक/समुह/सहकारी/ फर्मले कार्य सञ्चालनको लागि अनुसूची ५ अनुसारको सम्झौता गरिने छ र उक्त सम्झौता बमोजिम कार्य सम्पन्न पश्चात वडा कार्यालयको सिफारिस र आवश्यकता अनुसार शाखाबाट स्थलगत अनुगमन गरी शाखाको सिफारिसका आधारमा नगरपालिकाले भुक्तानी दिनेछ ।

(८) कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित निकायको जिम्मेवार प्राविधिकले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदान भुक्तानी गर्नु पर्नेछ ।

(९) अनुसूची ५ अनुसारको अनुदानग्राहीले सम्झौता कार्यान्वयन गर्ने छन् ।

(१०) कार्यक्रम सञ्चालन गर्दा गुनासो परेमा थप निर्णय नगर कार्यपालिकाले गर्नेछ ।

(११) सम्झौता अनुसार काम गरेको वा नगरेको शाखाका प्रतिनिधि, दफा ५(३) बमोजिम गठन भएको समिति र वडा जनप्रतिनिधिबाट संयुक्त अनुगमन गरि नगरपालिकामा प्रतिवेदन पेश गरिनेछ ।

(१२) विषयगत शाखा एवं अन्य सरोकारवालाहरु सहितको सहभागितात्मक अनुगमन गरिनेछ ।

## परिच्छेद ६
## विविध

**१३. अभिलेख राख्नु पर्ने :** यस कार्यक्रम बमोजिम सेवा लिने अनुदानग्राहीहरुको अभिलेख सम्बन्धित कृषि तथा पशु सेवा शाखाले राख्नु पर्नेछ । सम्बन्धित कार्यालयले सार्वजनिक जानकारीको लागि अनुदानग्राहीहरुको विवरण नियमित अद्यावधिक गरी प्रकाशन तथा सार्वजनीकरण गर्नुपर्नेछ । साथै त्यस्तो अनुदान विवरणको अभिलेख राख्नु पर्नेछ ।

**१४. प्रतिवेदन पेश गर्नु पर्ने :** (१) कार्यक्रमको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन कृषि तथा पशु शाखाले कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**१५. लेखा परीक्षण :** (१) कार्यक्रमको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कार्यक्रमको आयव्ययको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ ।

(३) कार्यक्रमको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१६. दोहोरो सुविधा लिन नपाउने :** अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश र नगरपालिका वा एक भन्दा बढी निकायबाट अनुदान प्राप्ता गर्न सक्ने छैन । तर अन्य साझेदार निकायसँगको सम्झौता र लागत अनुमानमा साझेदारीको हिस्सा स्पष्ट उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

**१७. यसै कार्यविधि बमोजिम हुने :** संघीय सरकार तथा प्रदेश सरकारको सशर्त बजेटबाट पशु सेवा/कृषि शाखाबाट सञ्चालन हुने समान प्रकृतिका अनुदान कार्यक्रमहरुको हकमा वजेटको परिधिभित्र रही यसै कार्यविधिलाई अवलम्बन गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**१८. व्याख्या, संशोधन र खारेजी :** यो कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

**१९. प्रचलित कानून: बमोजिम हुने :** यस कार्यविधिमा लेखिएमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखीएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

## बहुउद्देश्यीय कृषि प्रवर्द्धन कार्यक्रम अनुदान सम्वन्धी प्रस्ताव आव्हानको

सूचनाको ढाँचा

सूचना । सूचना ॥ सूचना ॥।

यस कार्यालयको आ.व. २०...../.... को वार्षिक स्वीकृत बहुउद्देश्यीय कृषि प्रवर्द्धन कार्यक्रम अनुदान ( मकै उत्पादन/दुध उत्पादन/मासु उत्पादन/बाखापालन कार्यक्रम )को माध्यमवाट नगरपालिकालाई दुग्ध तथा मासुमा आत्मनिर्भर बनाउने उद्देश्य रहेको हुँदा नगरपालिकाका ईच्छुक कृषक/समूह/सहकारी/फर्महरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन (मिति............) भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।

तपशिल:

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।

२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (दर्ता प्रमाण पत्र, स्थायी लेखा नं., जग्गाधनी प्रमाण पुर्जा, करारनामा तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

## अनुसूची २

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

**बहुउद्देश्यीय कृषि प्रवर्द्धन कार्यक्रम अनुदान सम्वन्धी सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र :**

श्रीमान् प्रमुखज्यू,

कृषि विकास/पशु सेवा शाखा

पालुङटार नगरपालिका ।

विषय : अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

मलाई बहुउद्देश्यीय कृषि प्रवर्द्धन कार्यक्रमको . . . . . . . . . अनुदान सहयोग प्राप्त गरी .......... ....... ....... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखि निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रिया अनुसार कार्य गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल:

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना ।

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

३. फर्म/समुह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि ।

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु) ।

५. बैदेशिक रोजगार वाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि ।

६. समुह/समिति/फर्म/सहकारीका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धताको निर्णयको प्रतिलिपि ।

७.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

निवेदक :

नाम :

दस्तखत :

ठेगाना :

सम्पर्क नं. :

## अनुसूची ३

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

## बहुउद्देश्यीय कृषि प्रवर्द्धन कार्यक्रम अनुदानको अवधारणा र संक्षिप्त कार्य योजना

उद्यमीको नाम थर :

ठेगाना : वाड नं. : . . . टोल . . . . . . . . . . . . .

जिल्ला :

संचालन गर्न खोजेको व्यवसाय र स्थान :

सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :

आफ्नो लगानी :

आफ्नो पारिवारिक श्रम :

व्यवसायवाट उत्पादन हुने वस्तु :

उत्पादित वार्षिक बजार :

अपेक्षित वार्षिक प्रतिफल :

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन :

फर्म/समुह/समिति/सहकारीको नाम : सम्पर्क नम्वरः

ठेगानाः वडा नं. . . . . टोल . . . . . .

व्यवसाय सञ्चालन गरिने स्थान :

**सञ्चालन गरिने कार्य विवरणः**

| क्र.सं. | सञ्चालन गरिने व्यवसाय | अनुदान सहयोग | निजी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

## अनुसूची ४

(दफा १२ को उपदफा (५) सँग सम्बन्धित)

### प्रस्ताव मूल्याङ्कन फारम

| क्र.स. | विवरण | अङ्कभार |
|---|---|---|
| १ | आवश्यक कागजातहरुको संलग्नता | १० |
| २ | पशुपन्छी संख्या/दुधको परिमाण/जग्गाको क्षेत्रफल | २० |
| ३ | उद्यमीको व्यवसाय प्रतिको अनुभव/ तालिम | १० |
| ४ | कार्ययोजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रमसँगको तालमेल | १० |
| ५ | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयुक्ता भएको/<br>उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयुक्ता नभएको | २०<br>१० |
| ६ | हाल सम्म अनुदान नपाएको/<br>हाल सम्म अनुदान पाएको | १०<br>५ |
| ७ | विगत समय देखि नै कृषि/पशुपालन गर्दै आएको/शुरुवात | १०/५ |
| ८ | पूर्वाधारको व्यवस्था | १० |
| जम्मा | | १०० |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :

१.

२.

३.

४.

५.

नोट : विपदमा परेका कृषकहरुको हकमा कृषि विकास/पशु सेवा शाखा र जनप्रतिनिधीले अनुगमनको आधारमा भएको क्षति लाई मध्यनजर गरि मुल्याङ्कन गरिनेछ ।

## अनुसूची ५

(दफा १२ को उपदफा (७) सँग सम्बन्धित)

## सम्झौता-पत्र

पालुङटार नगरपालिका अर्न्तगतको कृषि विकास/पशु सेवा शाखा मार्फत सञ्चालन गरिने चालु आ.व. ............. को स्वीकृत कार्यक्रम सञ्चालन गर्न कृषि विकास/पशु सेवा शाखा, (यस पछि पहिलो पक्ष भनिने) र छनौट भएका कृषक/फर्म/सहकारी/समूह श्री/सुश्री/श्रीमती ................................................. (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सञ्चालनको लागि कार्य योजना अनुसार आवश्यकता अनुसार सामाग्री वा सोझै चेक मार्फत अनुदान स्वरुप रकम उपलब्ध गराउनेछ।

२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक सेवा प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ........................... व्यवसाय सञ्चालन गर्नेछ। कम्तीमा ५(पाँच) वर्षसम्म दोश्रो पक्षले उक्त व्यवसायलाई निरन्तरता दिनु पर्नेछ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्ने छन्। व्यवसायलाई सफल पार्न सहजकर्ताको भूमिका निर्वाह गर्ने छन्।

४. व्यवसायवाट प्रतिफल पाउनु शुरु गरेपछि कम्तीमा ५(पाँच) वर्षसम्म दोश्रो पक्षले प्रथम पक्षलाई प्रगति प्रतिवेदन प्रत्येक चौमासिक रुपमा बुझाउनेछ।

५. पहिलो पक्षवाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले कम्तीमा ५(पाँच) वर्षसम्म मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो भएको पाईएमा निजबाट सो रकम असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गरीनेछ। व्यवसायबाट उत्पादित बस्तुको बजार व्यवस्थापनमा प्रथम पक्षले सहयोग गर्न सक्नेछ।

६. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ।

७. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ।

| | |
|---|---|
| दोस्रो पक्षः | प्रथम पक्ष : |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : | नाम : |
| पद : | पद : |
| ठेगाना : | ठेगाना : |

| | |
|---|---|
| सम्पर्क नं. : | कार्यालय : |
| | कार्यालयको छाप : |
| रोहवर | रोहवर |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : | नाम : |
| पद : | पद : |

इति सम्वत...............साल..........महिना...........गते रोज............शुभम् ।

आज्ञाले,
गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत